**क्रमको नाम :** इनरुवा नगरपालिका कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम अन्तर्गत नागरिक सन्तुष्टी सर्वे र बर्हिगमन अभिमत भर्ने कार्य

**कार्यक्रम सम्पन्न भएको मिति :** २०८२/११/२६ गते

**प्रतिवेदन तयार गरेको मिती :** २०८३/०२/०६ गते

## १. सम्पन्न कार्यक्रमको संक्षिप्त बिवरण :

| | |
|---|---|
| बजेट | |
| क्रियाकलाप शिर्षक | इनरुवा नगरपालिका कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत १० वटै वडामा नागरिक सन्तुष्टी सर्वे र बर्हिगमन अभिमत भर्ने आ.व.२०८२।०८३ कार्यक्रम |
| सहभागी छनौट | इनरुवा नगरपालिका, वडा कार्यालयहरुको र कार्यक्रमका **सरोकारबालाहरु सहित** जनप्रतिनिधि र सबैलाई समेटीने गरी छनौट गरियो । |
| सम्पन्न : मिति/अवधि/समय | २०८२ माघ ११ गतेदेखी २०८२ फागुन २६ गतेसम्म सर्वे सहित सरोकारबालाहरुसंग अन्तरवार्ता, तथ्य तथ्यांक संकलन तथा नतिजा सार्वजनिकिकरण कार्यक्रम सम्पन्न गरेको । |
| स्थान | श्री इनरुवा नगरपालिका तथा नगरकार्यपालिका सहितको १ देखी १० नम्बर वडा कार्यालय परिषरमा |
| कार्यक्रमको उदेश्य | (क) इनरुवा नगरपालिकाबाट प्रदान गरिने विभिन्न सेवाहरू र त्यस सम्बन्धी सामुदायिक क्रियाकलापहरूका बारेमा नागरिक सेवाग्राही समुदायलाई जानकारी गराई पारदर्शिता कायम गर्ने ।<br>(ख) आमनागरिक (महिला, गरिब, पिछडिएका एवम् बन्चित समुदाय समेत) को प्रत्यक्ष सहभागिताका आधारमा नगरपालिकाको सेवाप्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने ।<br>(ग) सेवाप्रदायक निकायहरूलाई आमनागरिक विशेषगरी महिला, गरिब, जोखिममा रहेका, पिछडिएका, बन्चित एवम् साविकको ग्राणिम क्षेत्रमा बसोबास गर्ने समुदायप्रति जवाफदेही बनाई नगरको सेवाका अपेक्षित उपलब्धिहरू हासिल गर्ने कार्यमा योगदान पुऱ्याउने । र<br>(घ) आमनागरिक र वडाका बीचमा सही सूचना आदान-प्रदान, छलफल र नियमित संवाद गर्ने परिपाटीको विकास गर्ने । सेवा प्रवाह गर्दाको नतिजा थाहा पाउने, नागरिक वा सेवाग्राहीको सन्तुष्टी मापन गर्ने तथा तथ्य र तथ्यांकको विषलेशण गरि योजना निर्माणमा सहयोग गर्ने |

**अन्य बिवरण :** सुनसरीको इनरुवा नगरपालिका कार्यालयले आफ्नो चालु आर्थिक वर्ष २०८२।०८३ को विकास योजना तथा कार्यक्रमहरुको सार्वजिक सुनुवाई गर्ने क्रममा नागरिकहरुको अभिमत, सन्तुष्टी मापन गर्ने कार्यक्रम सम्पन्न गरेको छ । साझेदारी नेपाल इनरुवा सुनसरीको सहजिकरणमा इनरुवा नगरपालिकाको कार्यालय सहित १ देखी १० नम्बर वडा कार्यालयसम्ममा सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत नागरिकहरुको अभिमत, सन्तुष्टी मापन गर्ने कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा १० वटै वडा भित्रका सबै सरोकारबाला निकाय तथा नगरपालिकाको विषयगत शाखा, सामाजिक संघ संस्था, राजनितिक दलका प्रतिनिधि, पत्रकार, नागरिक समाजका अगुवा, कर्मचारी, वूद्धिजिवि, व्यापारी लगायत नगर तथा वडाबासीहरुको उल्लेखय उपस्थिति रहेको थियो । कार्यक्रममा नगर र वडाको समसायिक गतिविधि, विकास निमार्ण, शिक्षा, स्वास्थ्य, सकड विस्तार, कालोपत्रे, सडकबत्ति, फोहोर व्यवस्थापन लगायतका अन्य विषय वस्तूहरुमा समेत जिज्ञासा राखिएको थियो भने सो को बारेमा सहभागीहरुले चर्चा गरेको थियो । कार्यक्रम वडाहरुमा वडा अध्यक्षहरुको उपस्थितीमा

भएको कार्यक्रममा नगरभरीका २०० जना भन्दा बढि सेवाग्राहि नागरिक, राजनीतिक दल, [illegible]गत कार्यालयहरुको एवं प्रतिनिधिको उपस्थितीमा भएको थियो ।
[illegible]क्रममा इनरुवा नगरपालिका १ नम्बर वडामा रहेको एलानी जग्गाको खोजविन गर्नुपर्ने, चान्दनी [illegible]द्यालयको व्यवस्थापन गर्नुपर्ने, वडा कार्यालय आफ्नै हुनुपर्ने, वडामा जनप्रतिनिधि र कर्मचारी कार्यालय समयसम्म हुनुपर्ने सुझाव राखेका थिए ।
इनरुवा नगरपालिका २ नम्बर वडा कार्यालय भाडामा रहेकाले आफ्नो नवनिर्मित भवनमा सार्नुपर्ने, अग्रेंजी माध्यमको नाममा सरकारी विद्यालयमा भईरहेको असुली बन्द हुनुपर्ने, हाटको सरसफाई गर्नुपर्ने, स्वास्थ्य संस्थामा औषधी र स्वास्थ्यकर्मीको उपलब्धता हुनुपर्ने सुझाव राखेका थिए ।
इनरुवा नगरपालिका ३ नम्बर वडा कार्यालयको सेवा पारदर्शि हुनुपर्ने, सेवामा पहुच सबैको हुनुपर्ने, राजमार्गको अतिक्रमण हटाउनुपर्ने, सोमबारे हाटको व्यवस्थापनमा ध्यान दिनुपर्ने, भित्रि सडकमा ठूला सवारी आगवन र प्रवेश निषेध गर्नुपर्ने सुझाव राखेका थिए ।
इनरुवा ४ नम्बर वडा कार्यालय स्वास्थ्य चौकीको भवनमा रहेकाले आफ्नो नवनिर्मित भवनमा सार्नुपर्ने, सडक निर्माण गर्दा सडकको नक्सा अनुसारको फराकिलो बनाउनुपर्ने, त्रिबेणी घाटको व्यवस्थापन गर्नुपर्ने, शैक्षिक गुणस्तरमा ध्यान दिनुपर्ने, कपास उत्पादन र ढेसिंगका सामग्री उत्पादन गर्ने उधोगको फोहोर व्यवस्थापनमा ध्यान दिनुपर्ने, रामजानकी हाट बजार र सुनसरी क्याम्पसको प्रवेशद्धारमा सरसफाई गर्नुपर्ने, कर्मचारी जनप्रतिनिधिहरु कार्यालय समयमा कार्यालयमा हुनुपर्ने सुझाव राखेका थिए ।
इनरुवा ५ नम्बर वडामा बाकी रहेका सडकहरु निर्माण गर्नुपर्ने, शारदा माविको जग्गा अतिक्रमण हटाउनुपर्ने, किसानलाई अनुदानको व्यवस्था गर्नुपर्ने, कर्मचारी जनप्रतिनिधिहरु कार्यालय समयमा कार्यालयमा हुनुपर्ने, डुबान समस्या सामाधान गर्नुपर्ने, आयुर्वेद स्वास्थ्य केन्द्रको निर्माण गर्नुपर्ने सुझाव राखेका थिए ।
इनरुवा ६ नम्बर वडाको बजेट पारदर्शि रुपमा खर्च हुनुपर्ने, झकनझोडा पूर्वमा बाकी रहेका सडकहरु निर्माण गर्नुपर्ने, सडकबाटोको अतिक्रमण हटाउनुपर्ने, पशुपालक र धान किसानलाई अनुदानको व्यवस्था गर्नुपर्ने, वडा सचिव सहितका कर्मचारीहरु र वडा अध्यक्ष सहित जनप्रतिनिधिहरु कार्यालय समयमा कार्यालयमा बस्नुपर्ने, निर्माण भएको कवर्ड हल सञ्चालन गर्नुपर्ने सुझाव राखेका थिए ।
इनरुवा ७ नम्बर वडामा नागरिकहरुले स्वास्थ्य चौकीमा औषधी पाउनुपर्ने, विकासको बजेट पारदर्शि हुनुपर्ने, चान्दवेलाका भित्रि सडकहरु निर्माण गर्नुपर्ने, कालोपत्रे बाटो निर्माणमा ध्यान दिनुपर्ने, सडकबाटोको अतिक्रमण हटाउनुपर्ने, वडा सचिव सहितका कर्मचारीहरु र वडा अध्यक्ष कार्यालय समयमा कार्यालयमा बस्नुपर्ने सुझाव राखेका थिए ।
इनरुवा नगरपालिका ८ वडामा सयौ विघा सार्वजनिक, एलानी जग्गा सहित सार्वजनिक सम्पती अतिक्रमण बढेकाले त्यसको सरक्षण गर्नुपर्ने स्थानीयहरुले माग गरेका थिए । स्थानीयहरुले विसौ विघाको स्मसान घाट, स्कूल तथा सार्वजनिक बाटो, नहर सहितको सार्वजनिक सम्पती अतिक्रमण बढेकाले त्यसको नापजाँच गरेर छुट्याई सरक्षण गर्नुपर्ने माग गरेका हुन् । पार्टीको हिसावले विभेद भएको गुनासो गर्दै बाटो, नहरपैनी र नदीको अतिक्रमण हटाउनुपर्ने,स्मसान घाटको २२ विघा जग्गा छुट्याउनुपर्ने, अतिक्रमण हटाउनुपर्ने, एलानी जग्गाको खोजी गर्नुपर्ने सुझाव राखेको थियो ।
पोलबती, सडक निर्माणमा पारदर्शिता, किसान र कृषिका लागि पनि काम गर्नुपर्ने, किसानहरुलाई अनुदानका कार्यक्रम ल्याउनुपर्ने, मन्दिरहरुको निर्माण र मर्मतमा सहयोग गर्नुपर्ने, विपत व्यवस्थापनका कार्यक्रम ल्याउनुपर्ने सुझाव राखेको थियो ।
इनरुवा ९ नम्बर वडा कार्यालयमा स्मसान घाटको अधुरा काम सक्नुपर्ने, सडकबाटोको अतिक्रमण हटाउनुपर्ने, थान नहरको काम गर्नुपर्ने, विद्यालयहरुमा शैक्षिक गुणस्तरका काम गर्नुपर्ने, सुशासनका लागि लगबुकको कार्यान्वयन गर्नुपर्ने,वडाका नागरिकहरुले बबिया स्वास्थ्य चौकीमा निशुल्क औषधी

न, सञ्चालन र विकासको बजेट खर्च पारदर्शि हुनुपर्ने, बबियाका भित्रि सडकहरु निर्माण न, इनरुवा कौवाखोच सडक कालोपत्रे निर्माणमा ध्यान दिनुपर्ने, सडकबाटोको अतिक्रमण उनुपर्ने, वडा सचिव सहितका कर्मचारीहरु र वडा अध्यक्ष कार्यालय समयमा कार्यालयमा बस्नुपर्ने था निर्माणमा गुणस्तर र दिगो टिकाउ हुने ग्यारेन्टी गर्नुपर्ने सुझाव राखेका थिए ।

इनरुवा १० नम्बर वडामा वडा कार्यालय निर्माण समयमा गर्नुपर्ने, जल्यापुरका नागरिकहरुले स्वास्थ्य चौकीमा निशुल्क औषधी पाउनुपर्ने, ल्यावको व्यवस्था गर्नुपर्ने, बजेट पारदर्शि हुनुपर्ने, जल्यापुरका भित्रि सडकहरु निर्माण गर्नुपर्ने, श्री आधारभुत विद्यालयमा घेरा र स्कूलको अगाडी बाटो गौतमपुर सीमासम्म कालोपत्रे बाटो निर्माणमा ध्यान दिनुपर्ने, वर्षेदेखी अतिक्रमण भएको बाटोको अवरोध हटाउनुपर्ने, वडा सचिव सहितका कर्मचारीहरु र वडा अध्यक्ष कार्यालय समयमा कार्यालयमा बस्नुपर्ने सुझाव राखेका थिए ।

**कार्यक्रमको पृष्टभुमी :** कोशी प्रदेशको एक जिल्लाको रुपमा रहेको सुनसरीको इनरुवा नगरपालिकाको विनियोजित सार्वजनिक सुनुवाई कार्यक्रम अन्तरगत नागरिक सन्तुष्टी सर्वे र बहिर्गमन अभिमत भर्ने कार्य सम्पन्न भएको छ । कार्यक्रममा २०० बढी स्थानीयहरु सरोकारबाला र जनप्रतिनिधिहरु तथा सर्वे र अन्तरवार्तामा २०० जनाको सकृय सहभागीतामा सम्पन्न गरेको हो ।

**लाभान्वित संख्या:** इनरुवा नगरपालिका नगरकार्यपालिकाको कार्यालय सहितको १० वटै वडा भरी सहित सबै क्षेत्रका (समावेशि आधारमा) अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

**कार्यक्रमको आशातित उपलब्धि :-**

- वडा तथा नगरपालिकाको आफ्नो कार्यक्रमहरुका बारेमा नागरिकको सन्तुष्टी र सुझाव विषयमा सूचना आदानप्रदान भएको छ
- सेवाप्रतिको नागरिकहरुको धारणा बुझ्ने काम भएको र उनीहरुको अवस्था थाहा भएको छ ।
- पारर्दिशताको अभ्यासको निरन्तरता पाउने भएको छ ।
- सरोकारबालाहरुको नगरपालिका र वडाहरुको सूचनाको पहुचमा वृद्धि र क्षमता विकासको आधारभुत ज्ञान हाँसिल गरि जनमैत्री काम र सुशासन कायममा योगदान गर्न सक्ने भएको छ ।

**निषकर्श :** यस कार्यक्रमबाट नागरिकहरुले उत्साह पूर्वक आफनो धारणा, सुझाव र प्रश्नहरु राख्न पाएका छन भने पदिय जीम्मेबारीमा बसेका लागि **कार्यक्रममा** प्रश्न, सुझाव, प्रतिकृया राख्न र जनमैत्री सुशासनयुत्त नगरनिर्माण र विकासका बारेमा जान्न पाएको छ भने कुराहरु कार्यक्रममा राख्न पाएका छन् । त्यसैले आएका सुझावहरुलाई कार्यान्वियन गर्नका लागि नीतिगत व्यवस्था, जनशक्तीको परिचालन गरेर नगरपालिकाका सेवालाई गुणस्तर बनाउनुपर्ने र कार्यक्रमहरु प्रभावकारी गरेर सुचकहरु पुरा गर्न तर्फ ध्यान दिनुपर्छ ।

..........................

जयकृष्ण यादव ( सहजकर्ता)

**(प्रतिवेदक )**

सुनसरीको इनरुवा नगरपालिका कार्यालयको विभिन्न वडामा सर्वे गर्दै गरेको तस्विर



सुनसरीको इनरुवा नगरपालिका २ नम्बर वडामा सर्वे गर्दै गरेको तस्विर



सुनसरीको इनरुवा नगरपालिका ४ र ८ नम्बर वडामा सर्वे गर्दै गरेको तस्विर





सुनसरीको इनरुवा नगरपालिका कार्यालयको विभिन्न वडामा सर्वे गर्दै गरेको तस्विर

CamScanner



सुनसरीको इनरुवा नगरपालिका १० नम्बर वडामा सर्वे गर्दै गरेको तस्विर



सुनसरीको इनरुवा नगरपालिका ९ नम्बर वडामा सर्वे गर्दै गरेको तस्विर

CS CamScanner

Partnership Nepal, Sunsari



सुनसरीको इनरुवा नगरपालिका कार्यालयको विभिन्न वडामा सर्वे गर्दै गरेको तस्विर





सुनसरीको इनरुवा नगरपालिका कार्यालयको विभिन्न वडामा सर्वे गर्दै गरेको तस्विर